नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६८

राजविराज दैनिक

वर्ष ३६ अंक ९२ २०८३ साल कात्तिक २१ गते शनिबार (7 Nov 2026 Saturday) मूल्य रु. ५/-

बाल अधिकारको संरक्षण

बचावटको अधिकार :
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
विकासको अधिकार :
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
संरक्षणको अधिकार :
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
सहभागिताको अधिकार :
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : आयुर्वेदको पुनर्जागरण र स्वस्थ ३ पृष्ठमा : जनकपुरधाम-अयोध्याधामलाई.. ३ पृष्ठमा : बङ्गलादेशमा गोली हानाहान...


विशेष साधारण सभाको कुनै औचित्य छैन् : सप्तरी जिल्ला बार

दैनिक समाचारदाता
राजविराज, २० कात्तिक ।

सप्तरी जिल्ला वार एकाई कार्य समितिले मंसिर ११ गते विशेष साधारण सभाको वैठक बोलाउनका लागि दिएको निवेदनको औचित्य नरहेको स्पष्ट पारेको छ ।

बारका अध्यक्ष कामेश्वर यादवद्वारा शुक्रबार जारि विज्ञप्तिमा २०८३ कात्तिक ९ गते भएको निर्णयानुसार साधारण सभाको सूचना प्रकाशित गर्ने र यस वारका केही कानून व्यवसायीहरु हुलाक मार्फत विशेष साधारण सभाको वैठक बोलाउनको लागि दिएको निवेदनको औचित्य नरहेको स्पष्ट पारिएको उल्लेख गरिएको छ ।

जारि विज्ञप्तिमा कात्तिक १३ गते विशेष साधारण सभा बारे वारको सूचना पाटीमा सूचना टाँस गरिएको उल्लेख गर्दै सोही दिन दिउँसो अन्दाजी ३ बजेको समयमा वारका सदस्य नरहेका अधिवक्ता रामप्रसाद चौधरी, उपेन्द्र प्रसाद यादव र शिवनाथ साह तथा अन्य केही कानून व्यवसायीहरुले वारका उपाध्यक्ष मिस्टर चौधरी, सचिव राम एकवाल मण्डल तथा सदस्य धिरेन्द्र लाल तिनै जनालाई वारको कोठामा जवरजस्ती बसाई मिति २०८३ मंसिर ११ गते विशेष साधारण सभा हुने भनी सूचना पुस्तिकामा सूचना लेख्न लगाईएको जनाइएको छ ।



"सक्षम र स्वच्छ बार, स्वतन्त्र न्यायपालिकाको सच्चा पहरेदार"
नेपाल बार एशोसिएशन फोन नं.: ०३१-५३१३३६

सप्तरी जिल्ला बार एकाई

राजविराज

पत्र संख्या:- ०८३।०९८ मिति: २०८३।०६।१३
चलानी नं:- ०९८

विषय : प्रेस विज्ञप्ती

यस कार्यसमितिको मिति २०८३।७।९ गतेमा भएको निर्णयानुसार साधरण सभाको सूचना प्रकाशित गर्ने र यस वारका केही कानून व्यवसायीहरु हुलाक मार्फत विशेष साधारण सभाको वैठक बोलाउनको लागि दिएको निवेदनको औचित्य नरहेको समेतका बारेमा सवै कानून व्यवसायीहरुलाई जानकारी गराउनका लागि मिति २०८३।७।१३ गते यस वारका सूचना पाटीमा सूचना टाँस गरेकोमा यही मिति २०८३।७।१३ गते दिउँसो अन्दाजी ३ बजेको समयमा यस वारका सदस्य नरहेका अधिवक्ता रामप्रसाद चौधरी , उपेन्द्र प्रसाद यादव र शिवनाथ साह तथा अन्य केही कानून व्यवसायीहरुले वारका उपाध्यक्ष मिस्टर चौधरी, सचिव राम एकवाल मण्डल, तथा सदस्य धिरेन्द्र लाल तिनै जनालाई वारको कोठामा जवरजस्ती वसाई मिति २०८३।८।११ गतेमा विशेष साधारण सभा हुने भनी सूचना पुस्तिकागा सूचना लेख्न लगाई सोमा दवाव पुर्वक सही समेत गर्न लगाई दवाव पुर्वक सूचना प्रवाह गराएका भनी सो सदन्दर्भमा निज उपाध्यक्ष, सचिव तथा सदस्यले निवेदन दिई जानकारी गराएकाले सो विशेष साधारण सभाको सूचनाको कुनै औचित्य नरहेको भनी यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको छ । साथै विशेष साधारण सभा मिति २०८३।८।११ गतेमा हुने भनी सूचनाको कुनै औचित्य नरहेको भनी यसै विज्ञप्ती मार्फत यस वारका सम्पूर्ण सदस्य ज्युहरुलाई जानकारी समेत गराईन्छ ।

कामेश्वर यादव
अध्यक्ष
सप्तरी जिल्ला बार एकाई

अध्यक्ष
श्री कामेश्वर यादव (अधिवक्ता) मो. ४८४२८२३४५२ ४८०४७७१४५७
उपाध्यक्ष
श्री मिस्टर चौधरी (अधिवक्ता) मो. ४८१४७४०३४२
सचिव
श्री राम एकवाल मण्डल (अधिवक्ता) मो. ४८२५७२१८७०
सह-सचिव
शैलजा साह (अधिवक्ता) मो. ४८२६७३५८७६
कोषाध्यक्ष
बिलम कुमारी यादव (अधिवक्ता) मो. ४८१४७०४२१५
सदस्यहरु
धिरेन्द्र लाल (कर्ण) अधिवक्ता मो. ४८०४७१५२८८
लवेन्द्र प्रसाद देव (अधिवक्ता) मो. ४८०४३०७२४७
विर बहादुर कडारी (अधिवक्ता) मो. ४८१५७२४८४६
शिव नारायण यादव (अधिवक्ता) मो. ४८१६७७५१२५
देव नाथ चौधरी (अभिवक्ता) मो. ४८१४७५११७३

"दवावपूर्वक सही समेत गर्न लगाई दवावपूर्वक सूचना प्रवाह गराएका भनी सो सन्दर्भमा निज उपाध्यक्ष, सचिव तथा सदस्यले निवेदन दिई जानकारी गराएकाले सो विशेष साधारण सभाको सूचनाको कुनै औचित्य नरहेको भनी यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको छ ।" विज्ञप्तिमा भनिएको छ ।

पत्रकार महासंघले छठ पर्वपछि चरणबद्ध आन्दोलन गर्ने

दैनिक समाचारदाता
राजविराज, २० कात्तिक ।

नेपाल पत्रकार महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र आफ्ना माग सम्बोधन गराउन छठ पर्वपछि चरणबद्ध आन्दोलन गर्ने निर्णय गरेको छ ।

महासंघका महासचिव रामप्रसाद दाहालद्वारा शुक्रबार जारि विज्ञप्तिमा महासंघको शुक्रबार बसेको केन्द्रीय समितिको उपलब्ध वैठकले समाचार कक्षमै प्रहरी प्रवेश गरेर पत्रकार पक्राउ गरिएको घटना, प्रेस काउन्सिल ऐन संशोधनसम्बन्धी अध्यादेश र सञ्चारमाध्यममा श्रम अधिकार उल्लंघनलगायतका विषयलाई लिएर आन्दोलन गर्ने निर्णय गरेको जनाइएको छ ।

अध्यक्ष निर्मला शर्माको अध्यक्षतामा केन्द्रीय कार्यालयमा बसेको बैठकले समाचार कक्षमा प्रहरी प्रवेश गरी पत्रकारमाथि गरिएको धरपकड समग्र पत्रकारिता क्षेत्रमाथिको प्रहार भएको निष्कर्ष निकालेको छ । घटनाको स्वतन्त्र छानबिन गरी दोषीमाथि कारबाही गर्न महासंघले माग गरेको छ ।

त्यस्तै, सरोकारवाला पक्षसँग छलफल नगरी एकपक्षीय रूपमा ल्याइएको प्रेस काउन्सिल ऐन संशोधनसम्बन्धी अध्यादेश फिर्ता लिन सरकारसँग आग्रह गरेको छ । अध्यादेश जारी नगर्न राष्ट्रपति रामचन्द्र पौडेललाई समेत अनुरोध गर्ने निर्णय बैठकले गरेको छ ।

गोरखापत्रलगायत सरकारी तथा निजी सञ्चारमाध्यमबाट पत्रकारलाई जबर्जस्ती निष्कासन गर्ने, पारिश्रमिक र चाडपर्व खर्च नदिने कार्य श्रम अधिकारको गम्भीर उल्लंघन भएको महासंघको ठहर छ ।

लोककल्याणकारी विज्ञापनबापत पत्रपत्रिकाले पाउँदै आएको रकम कटौती नगर्न र प्रेस काउन्सिल नेपालको सिफारिसअनुसार वितरण गर्न पनि महासंघले सरकारसँग माग गरेको छ ।

महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र संविधानको संरक्षणका लागि शान्ति र लोकतन्त्रका लागि पेसागत सञ्जाल (पापड) लाई सक्रिय बनाउने निर्णयसमेत गरेको छ ।

यसका साथै आफ्ना मुद्दाबारे संसद्मा आवाज उठाउन सांसदहरूसँग बहस तथा पैरवी गर्ने र प्रेस स्वतन्त्रताका पक्षधर अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउने महासंघले जनाएको छ ।

करेन्ट लागेर घाइते भएका सुदर्शनलाई आर्थिक सहयोग



दैनिक समाचारदाता
राजविराज, २० कात्तिक ।

करेन्ट लागेर गम्भीर घाइते भएका सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ९ निवासी २७ वर्षीय सुदर्शन चौरसियालाई आर्थिक सहयोग प्रदान गरिएको छ ।

विगत केही दिनदेखि छिन्नमस्ता अस्पतालमा उपचाररत चौरसियाको आर्थिक अवस्था अत्यन्तै कमजोर रहेको जानकारी पाएपछि प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाको पहलमा उनलाई आर्थिक सहयोग उपलब्ध गराइएको हो ।

शुक्रबार प्रमुख जिल्ला अधिकारी थापाको नेतृत्वमा प्रहरी उपरीक्षक रूपक खड्का, राष्ट्रिय अनुसन्धानका प्रमुख कुलचन्द्र नेपाललगायतको टोलीले अस्पताल पुगेर घाइते चौरसियाको स्वास्थ्य अवस्थाबारे जानकारी लिएको थियो ।

दीपावली मनाउँदा ध्यान दिऔं

- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- मैनबत्ती, दियो बालिसके पछि ननिभेसम्म निगरानी गरौं,
- यस्तो समयमा विद्युत सट भई आगो लाग्ने सम्भावना भएकोले सचेत बनौं,
- विद्युतीय प्लगको क्षमता अनुसार मात्र बत्तीको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं।



आगजनीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

चाडपर्व जगेर्ना गर्न सबैको दायित्व

हिन्दुहरुको दोश्रो ठूलो पर्व तिहार अन्तरगत भोली दिपावली मनाइदै छ । जसलाई झिलमिलको पर्व पनि भनिन्छ । पौराणिक, व्यावहारिक, सांस्कृतिक, मनोवैज्ञानिक एवं वैज्ञानिक महत्व बोकेको तिहार प्रेरणाको विम्बका साथै उज्यालोको पर्वको रुपमा मनाइने गरिन्छ । काग तिहारदेखि सुरु भएर भाइटिकाको दिनसम्म प्राणी जगत्का साथै लक्ष्मी माताको पुजाआराधना गरी खुसियालीको प्रतीकका रूपमा पाँच दिनसम्म यो पर्व मनाइने गरिन्छ । यस पर्वको अभिन्न अङ्गका रूपमा रहेको देउसीभैलो खेल्ने परम्पराले आपसी मेलमिलाप, भ्रातृत्व, सामाजिक सद्भाव र सहिष्णुता थप सुदृढ बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गरिन्छ । सांस्कृतिक, भाषिक, जातीय एवं धार्मिक विविधताले भरिपूर्ण नेपालमा यस्ता पर्वले विविधताबीचको एकतालाई थप सुदृढ र मजबुत बनाउनु पर्ने आवश्यकता रहेको छ ।

विगत केही वर्षयता चाड पर्वमा रौनकता हराउँदै गएको छ । आफ्नो कला, संस्कृती र चाड पर्वलाई संरक्षण सम्वर्द्धनका साथै रौनकता नआउनु भनेको मानिसहरुमा नैराश्यता छाएको छ । चाडपर्वमा नयाँ नयाँ लुगा लगाउने चाहना पनि मानिसहरुको चाहनामै सीमित भएको छ । कपडा व्यापारी, खाद्यान्न पसलेहरु समेत यस पटक निरास बनेका छन् । जनतासँग आवश्यकता पूर्ती गर्न रकम हुँदा त्यसको असर व्यापारीहरुमा पनि परेको छ ।

तसर्थ चाड पर्व खुशी खुशी आफ्नो हैसियत अनुसार मनाएर संस्कृति, परम्परालाई जगेर्ना गर्न सबै नेपालीको साझा दायित्व रहेको छ ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ विक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित विभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

आयुर्वेदको पुनर्जागरण र स्वस्थ नेपालको संकल्प

डा श्यामबाबु यादव
काठमाडौँ, २० कात्तिक (रासस) ।

कात्तिक कृष्ण त्रयोदशी अर्थात् धनतेरसका दिन मनाइने धन्वन्तरी जयन्ती तथा राष्ट्रिय आरोग्य दिवस नेपाली समाजको स्वास्थ्य, संस्कृति र मौलिक चिकित्सा परम्परासँग जोडिएको महत्वपूर्ण अवसर हो । यो दिवस धार्मिक आस्था र सांस्कृतिक परम्पराको निरन्तरता मात्र नभई आयुर्वेद चिकित्सा पद्धतिको संरक्षण, प्रवर्द्धन, वैज्ञानिक विकास र राष्ट्रिय स्वास्थ्य प्रणालीमा यसको प्रभावकारी समायोजन गर्ने सङ्कल्पको दिन पनि हो ।

आयुर्वेदका प्रवर्तक तथा स्वास्थ्य र औषधिका देवताका रूपमा पूजित भगवान् धन्वन्तरीलाई हिन्दू धर्मग्रन्थमा भगवान् विष्णुको अवतारका रूपमा वर्णन गरिएको छ । पौराणिक मान्यताअनुसार समुद्र मन्थनका क्रममा अमृत कलशसहित भगवान् धन्वन्तरीको प्रादुर्भाव भएको थियो । प्रकृतिमा उपलब्ध जडीबुटी र औषधीय वनस्पतिका माध्यमबाट मानव जीवनलाई निरोगी बनाउने ज्ञानको प्रतीकका रूपमा उहाँलाई सम्मान गरिन्छ । वैदिक दर्शनका चार उपवेदमध्ये एक आयुर्वेदलाई मानव स्वास्थ्य र दीर्घजीवनसँग सम्बन्धित प्राचीनतम् चिकित्सा विज्ञान मानिन्छ । यसले शरीर, मन र आत्माबीचको सन्तुलनलाई स्वस्थ जीवनको आधार मानेको छ । त्यसैले आयुर्वेद केवल रोग लागेपछि उपचार गर्ने पद्धति मात्र नभई रोगको रोकथाम, स्वास्थ्य प्रवर्द्धन, स्वस्थ जीवनशैली र दीर्घायु प्राप्त गर्ने समग्र विज्ञान हो ।

नेपालमा २०५६ सालदेखि धन्वन्तरी जयन्तीलाई राष्ट्रिय आरोग्य दिवसका रूपमा मनाउन थालिएको हो । यसले आयुर्वेद चिकित्सा प्रणालीलाई राष्ट्रिय पहिचान, जनस्वास्थ्य र स्वास्थ्य सेवाको महत्वपूर्ण आधारका रूपमा स्थापित गर्ने उद्देश्य बोकेको छ । हरेक वर्ष विभिन्न कार्यक्रम, स्वास्थ्य सचेतना अभियान, योग तथा ध्यान अभ्यास, आयुर्वेदिक स्वास्थ्य परामर्श र औषधीय वनस्पतिको महत्वबारे जानकारी प्रदान गर्दै यो दिवस मनाइन्छ । 'प्रकृति अनुकूल आहार, औषध र विहार रोगमुक्त समाजको आधार' भन्ने यस वर्ष २७ औँ धन्वन्तरी जयन्ती र राष्ट्रिय आरोग्य दिवसको नाराले पनि स्वस्थ जीवनका लागि उपचारसँगै रोकथाम र स्वास्थ्य प्रवर्द्धनलाई प्राथमिकता दिनुपर्ने सन्देश दिएको छ । आधुनिक समयमा बढ्दै गएका नसर्ने रोग, मानसिक तनाव, असन्तुलित खानपान, शारीरिक निष्क्रियता र वातावरणीय प्रदूषणजस्ता चुनौतीको सामना गर्न जीवनशैलीमा सुधार आवश्यक छ । यस सन्दर्भमा योग, ध्यान र आयुर्वेदका व्यावहारिक पक्षलाई जनजीवनमा समावेश गर्नसके स्वास्थ्य क्षेत्रमा सकारात्मक परिणाम हासिल गर्न सकिन्छ ।

आयुर्वेदः उपचारभन्दा व्यापक जीवनपद्धति

आयुर्वेदको मूल दर्शन स्वस्थ व्यक्तिको स्वास्थ्य रक्षा गर्नु र रोगीको रोग निवारण गर्नु हो । यसले मानिसको शारीरिक बनावट, उमेर, प्रकृति, खानपान, वातावरण र जीवनशैलीलाई ध्यानमा राखेर स्वास्थ्य व्यवस्थापन गर्ने अवधारणा प्रस्तुत गर्दछ । दिनचर्या, ऋतुचर्या, आहारविहार, निद्रा, व्यायाम, योग र मानसिक सन्तुलनलाई यसले विशेष महत्व दिएको छ । आजको व्यस्त जीवनशैलीमा मानिसहरू अनियमित खानपान, पर्याप्त निद्राको अभाव, तनाव र शारीरिक गतिविधिमा कमीका कारण विभिन्न स्वास्थ्य समस्याबाट प्रभावित भइरहेका छन् । उच्च रक्तचाप, मधुमेह, मोटोपना, मुटुरोग तथा मानसिक स्वास्थ्यसम्बन्धी समस्याहरू जनस्वास्थ्यका प्रमुख चुनौती बनेका छन् । यस्ता समस्याको रोकथामका लागि स्वस्थ आहार, नियमित व्यायाम, योग, ध्यान र अनुशासित जीवनशैली आवश्यक हुन्छ ।

आयुर्वेदले व्यक्तिको प्रकृतिअनुसार आहारविहार अपनाउन प्रेरित गर्दछ । यसले स्वास्थ्यलाई औषधिमा मात्र सीमित नराखी दैनिक व्यवहार र सामाजिक वातावरणसँग जोडेको छ । त्यसैले विद्यालय, समुदाय, घरपरिवार र कार्यस्थलसम्म स्वास्थ्य सचेतनाका कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ । भान्छाघरलाई नै स्वास्थ्यको पहिलो आधार बनाउने अवधारणा आयुर्वेदको महत्वपूर्ण पक्ष हो । स्थानीय रूपमा उपलब्ध पौष्टिक खाद्यवस्तु, मौसमी फलफूल, सागसब्जी तथा खाद्यान्नको सन्तुलित प्रयोगले पोषण सुधारमा सहयोग पुऱ्याउँछ ।

त्यसैगरी, नागरिक आरोग्य कार्यक्रम, योग अभ्यास, स्वर्णविन्दु प्राशन तथा स्वास्थ्य सचेतना अभियानलाई वैज्ञानिक मूल्याङ्कन र उपयुक्त स्वास्थ्य मापदण्डका आधारमा प्रभावकारी बनाउन सकिन्छ ।

नेपालमा आयुर्वेदको सम्भावना र सेवा विस्तार

प्राकृतिक, भौगोलिक तथा जैविक विविधताका दृष्टिले नेपाल आयुर्वेद विकासका लागि अत्यन्त सम्भावनायुक्त मुलुक हो । हिमाल, पहाड र तराईमा पाइने विविध वनस्पति तथा जडीबुटी आयुर्वेद औषधि उत्पादनका महत्वपूर्ण आधार हुन् । हिमाली क्षेत्रमा पाइने बहुमूल्य औषधीय वनस्पतिदेखि तराईका स्थानीय जडीबुटीसम्मको व्यवस्थित पहिचान, संरक्षण, खेती, सङ्कलन र प्रशोधन गर्नसके मुलुकले स्वास्थ्य तथा आर्थिक क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गर्न सक्छ ।

नेपालमा आयुर्वेद स्वास्थ्य सेवाको संस्थागत विस्तारका लागि विभिन्न प्रयास भइरहेका छन् । काठमाडौँको नरदेवीस्थित केन्द्रीय आयुर्वेद अस्पताल, प्रादेशिक आयुर्वेद अस्पताल, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, स्थानीय तहका आयुर्वेद शाखा तथा नागरिक आरोग्य सेवा केन्द्रमार्फत नागरिकलाई सेवा उपलब्ध गराउने व्यवस्था विस्तार हुँदै गएको छ । यी संस्थाबाट निःशुल्क स्वास्थ्य परीक्षण, आयुर्वेद औषधि वितरण, पञ्चकर्म, शल्यकर्म, योग तथा अन्य विशिष्टीकृत सेवाहरू सञ्चालन भइरहेका छन् । नागरिक आरोग्य कार्यक्रम र स्वास्थ्य प्रवर्द्धनसम्बन्धी गतिविधिले समुदायस्तरमा आयुर्वेद सेवाको पहुँच विस्तार गर्न सहयोग पुऱ्याएका छन् ।

यद्यपि संस्थागत संरचना विस्तार हुनु मात्र पर्याप्त छैन । सेवाको गुणस्तर, दक्ष जनशक्ति, आवश्यक औषधिको उपलब्धता, भौतिक पूर्वाधार र नागरिकको विश्वास अभिवृद्धि गर्न समानान्तर प्रयास आवश्यक छन् । विशेषगरी दुर्गम तथा ग्रामीण क्षेत्रमा बसोबास गर्ने नागरिकले सहज रूपमा गुणस्तरीय आयुर्वेद सेवा प्राप्त गर्ने वातावरण निर्माण गर्नुपर्छ ।

संरक्षणसँगै वैज्ञानिक विकासको आवश्यकता

आयुर्वेदको संरक्षण भन्नाले परम्परागत ज्ञानलाई जस्ताको तस्तै निरन्तरता दिनुमात्र बुझ्नु हुँदैन । यसलाई समय, प्रविधि र वैज्ञानिक अनुसन्धानअनुसार परिमार्जन गर्दै लैजानु पनि उत्तिकै महत्वपूर्ण छ । परम्परागत ज्ञानको वैज्ञानिक परीक्षण, औषधिको गुणस्तर निर्धारण, प्रभावकारिताको अध्ययन र सुरक्षित प्रयोग सुनिश्चित गर्नु आजको आवश्यकता हो । आयुर्वेद औषधि उत्पादन तथा वितरणमा गुणस्तर नियन्त्रणलाई प्राथमिकता दिनुपर्छ । औषधिमा प्रयोग हुने कच्चा पदार्थको शुद्धता, पहिचान, प्रशोधन, मात्रा, भण्डारण र उत्पादन प्रक्रियालाई वैज्ञानिक मापदण्डअनुसार व्यवस्थित गर्न आवश्यक छ । औषधिको प्रभावकारिता र सम्भावित प्रतिकूल असरबारे अनुसन्धान हुनुपर्छ । यसबाट आयुर्वेदप्रति नागरिकको विश्वास अभिवृद्धि हुनुका साथै राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा नेपाली औषधिको विश्वसनीयता स्थापित गर्न सकिन्छ ।

नेपालमा आयुर्वेद शिक्षाको गुणस्तर सुधार पनि महत्वपूर्ण विषय हो । शैक्षिक संस्थामा पाठ्यक्रमको एकरूपता, प्रयोगात्मक अभ्यास, अनुसन्धानमुखी शिक्षा र दक्ष चिकित्सक उत्पादनमा विशेष ध्यान दिनुपर्छ । आयुर्वेद चिकित्सा, औषधि विज्ञान, वनस्पति विज्ञान, जैविक प्रविधि र आधुनिक स्वास्थ्य अनुसन्धानबीच सहकार्य विस्तार गर्नसके नयाँ सम्भावनाका ढोका खुल्न सक्छन् । यस क्षेत्रमा दक्ष चिकित्सक, औषधि विज्ञ, अनुसन्धानकर्ता, प्राविधिक र जडीबुटीसम्बन्धी विशेषज्ञ जनशक्तिको विकास गर्न आवश्यक छ ।

सरकारी तथा निजी क्षेत्रका अनुसन्धान संस्थाबीच समन्वय गरी राष्ट्रिय प्राथमिकताका विषयमा अध्ययन अनुसन्धान अघि बढाउनुपर्छ ।

जडीबुटी संरक्षण र आर्थिक समृद्धि

नेपालको जडीबुटी क्षेत्र स्वास्थ्य सेवासँगै रोजगारी, उद्यमशीलता र निर्यात प्रवर्द्धनको सम्भावनायुक्त क्षेत्र हो तर यसको दिगो विकासका लागि प्राकृतिक स्रोतको संरक्षण र वैज्ञानिक व्यवस्थापन अनिवार्य छ । अव्यवस्थित सङ्कलन, वनस्पतिको प्राकृतिक बासस्थान विनाश र बजार व्यवस्थापनको अभावले बहुमूल्य जडीबुटी लोप हुने जोखिम बढाउन सक्छ । त्यसैले जडीबुटीको व्यावसायिक खेतीलाई प्रोत्साहन गर्नुपर्छ । किसानलाई प्राविधिक ज्ञान, गुणस्तरीय बीउ तथा बिरुवा, अनुदान, सहुलियतपूर्ण ऋण र बजारको सुनिश्चितता उपलब्ध गराउन आवश्यक छ ।

स्थानीय तह, सहकारी, निजी क्षेत्र र समुदायबीच सहकार्य गरी जडीबुटी उत्पादनदेखि प्रशोधन, औषधि निर्माण र बजारीकरणसम्मको मूल्य शृङ्खला विकास गर्न सकिन्छ । यसबाट ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना हुनुका साथै स्थानीय अर्थतन्त्र सुदृढ हुनेछ । नेपाली जडीबुटीको पहिचान, गुणस्तर प्रमाणीकरण र ब्रान्डिङ गर्नसके अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता बढाउन सकिन्छ ।

एकीकृत स्वास्थ्य प्रणालीतर्फको यात्रा

नेपालको स्वास्थ्य प्रणालीमा आयुर्वेद र आधुनिक चिकित्सा पद्धतिबीच प्रभावकारी समन्वय आवश्यक छ । नागरिकले आफ्नो आवश्यकता र स्वास्थ्य अवस्थाअनुसार सुरक्षित तथा प्रमाणमा आधारित सेवा प्राप्त गर्न पाउने व्यवस्था हुनुपर्छ । यसका लागि दुवै चिकित्सा प्रणालीबीच ज्ञान, अनुसन्धान, जनशक्ति र सेवा प्रवाहमा सहकार्य बढाउनुपर्छ । एकीकृत चिकित्सा कार्यक्रम सञ्चालन गर्दा उपचारको प्रभावकारिता, बिरामीको सुरक्षा र वैज्ञानिक प्रमाणलाई प्राथमिकता दिनुपर्छ ।

आयुर्वेद र आधुनिक चिकित्साका चिकित्सकबीच नियमित परामर्श, बिरामीको स्वास्थ्य विवरण आदानप्रदान तथा आवश्यकताअनुसार विशेषज्ञ सेवामा पहुँचको व्यवस्था गर्न सकिन्छ ।

तीन तहका सरकारबीच नीतिगत समन्वय, पर्याप्त बजेट विनियोजन र संस्थागत जिम्मेवारी स्पष्ट हुनुपर्छ । आयुर्वेद तथा वैकल्पिक चिकित्सा क्षेत्रको विकासका लागि दीर्घकालीन रणनीति निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक छ । टेलिमेडिसिन, डिजिटल स्वास्थ्य अभिलेख र सूचना प्रविधिको प्रयोगबाट दुर्गम क्षेत्रसम्म सेवा विस्तार गर्न सकिन्छ ।

राष्ट्रिय प्रतिबद्धता र भावी दिशा

धन्वन्तरी जयन्ती तथा राष्ट्रिय आरोग्य दिवसले हामीलाई आफ्नो मौलिक चिकित्सा ज्ञानको महत्व स्मरण गराउनुका साथै त्यसको संरक्षण र विकासप्रति जिम्मेवार बन्न प्रेरित गर्दछ ।

आयुर्वेदलाई केवल परम्परा वा सांस्कृतिक सम्पदाका रूपमा सीमित नराखी वैज्ञानिक अनुसन्धान, गुणस्तरीय सेवा र जनस्वास्थ्य प्रवर्द्धनको प्रभावकारी माध्यम बनाउनुपर्छ ।

यसका लागि सरकार, स्वास्थ्यकर्मी, प्राज्ञिक संस्था, अनुसन्धानकर्ता, निजी क्षेत्र, स्थानीय समुदाय र आम नागरिकबीच सहकार्य अपरिहार्य छ । पर्याप्त लगानी, दक्ष जनशक्ति, अनुसन्धानको विकास, औषधिको गुणस्तर नियन्त्रण र जडीबुटीको दिगो व्यवस्थापनलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्छ । आयुर्वेदको संरक्षण र सम्वर्द्धन गर्नु भनेको हाम्रा पुर्खाले विकास गरेको ज्ञान, सीप र प्राकृतिक सम्पदाको संरक्षण गर्नु पनि हो तर यसको वास्तविक उपलब्धि नागरिकले गुणस्तरीय, सुरक्षित, सुलभ र विश्वसनीय स्वास्थ्य सेवा प्राप्त गरेपछि मात्र प्रमाणित हुनेछ ।

अन्ततः स्वस्थ नागरिक नै समृद्ध राष्ट्र निर्माणको आधार हुन् । धन्वन्तरी जयन्ती तथा राष्ट्रिय आरोग्य दिवसलाई औपचारिक समारोहमा मात्र सीमित नराखी स्वस्थ जीवनशैली अपनाउने, रोगको रोकथाम गर्ने, प्राकृतिक स्रोतको संरक्षण गर्ने र वैज्ञानिक स्वास्थ्य प्रणाली निर्माण गर्ने राष्ट्रिय अभियानका रूपमा अघि बढाउनुपर्छ ।

आयुर्वेदको मौलिकता र आधुनिक विज्ञानको उपलब्धिबीच सन्तुलित समन्वय कायम गर्नसके नेपालले आफ्नै मौलिक स्वास्थ्य पहिचानलाई सुदृढ गर्दै स्वस्थ, समृद्ध र आत्मनिर्भर राष्ट्र निर्माणको यात्रालाई थप गति दिन सक्नेछ । सन्तुलित आहार, योग, व्यायाम र स्वस्थ्य जीवनशैली अपनाउँदै औषधिको उचित प्रयोग गरी नसर्ने रोगबाट बच्नु नै आजको आवश्यकता हो । *(प्रस्तुत विचार नेपाल आयुर्वेद चिकित्सक सङ्घका निर्वतमान अध्यक्ष यादवसँग गरिएको कुराकानीमा आधारित)*

जनकपुरधाम-अयोध्याधामलाई रेलमार्गमा जोड्ने काम तीव्र

धनुषा, २० कात्तिक (रासस)।

जनकपुरधाम र भारतको अयोध्या धामलाई रेलमार्गमार्फत जोड्ने काम तीव्र पारिएको छ।

प्रस्तावित जनकपुरधाम-अयोध्याधाम रेल सेवा सञ्चालन गर्नु अघि सुरक्षा तथा प्राविधिक अवस्थाको निरीक्षणका लागि भारतीय रेल्वेका अधिकारी बिहीबार १७ बोगीसहितको रेल लिएर धनुषाको कुर्था रेल्वे स्टेसन आइपुगेका छन्।

भारतीय रेल्वेका पदाधिकारीसहित डब्ल्यूडीपी-४ डी ४०३७० नम्बरको रेल भारतको अयोध्याबाट जनकपुरधाम ल्याइएको हो। प्रस्तावित रेल सेवा सञ्चालनको पूर्वतयारीस्वरूप रेल ल्याएर प्रारम्भिक परीक्षण तथा निरीक्षण गरिएको नेपाल रेल्वेले जनाएको छ।

नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक परिवेश पराजुलीका अनुसार जनकपुरधाम र अयोध्याबीच रेल सेवा सञ्चालन गर्ने योजनाअनुसार पहिलो चरणमा १७ बोगीसहितको रेल ल्याइएको हो।

सेवा सञ्चालनको मिति र अन्य व्यवस्थापकीय विषयमा नेपाल तथा भारतबीच औपचारिक सम्झौता हुन भने बाँकी रहेको उहाँले बताउनुभयो ।

रेल सेवा सञ्चालनका लागि आवश्यक सुरक्षा व्यवस्था, रेलमार्गको अवस्था, प्राविधिक क्षमता तथा अन्य व्यवस्थापकीय पक्षको स्थलगत निरीक्षण भइरहेको महाप्रबन्धक पराजुलीले बताउनुभयो।

भारतीय रेल्वेका अधिकारीले नेपाल रेल्वेका अधिकारीसँग रेल सञ्चालन, सुरक्षा र प्राविधिक तयारीका विषयमा छलफल गर्ने कार्यक्रमसमेत रहेको छ।

उहाँका अनुसार प्रस्तावित सेवा सञ्चालन गर्न सकिने अवस्था, रेलमार्गको क्षमता र सुरक्षालगायतका विषयलाई प्राथमिकतामा राखेर निरीक्षण भइरहेको छ।

अहिले रेल सेवा परीक्षण तथा तयारीकै चरणमा रहेकाले सञ्चालनका लागि आवश्यक केही प्राविधिक र प्रशासनिक काम बाँकी छन्। ती काम आन्तरिक रूपमा अघि बढाइएको उहाँले बताउनुभयो।

नेपालको जनकपुरधामदेखि भारतको अयोध्याधामसम्म प्रस्तावित रेलमार्गको दूरी करिब ४६४ किलोमिटर छ। जनकपुरधाम र अयोध्या धार्मिक तथा सांस्कृतिक दृष्टिले नेपाल र भारतका महत्वपूर्ण गन्तव्य हुन्।

जनकपुरधामलाई माता सीताको जन्मस्थल तथा अयोध्यालाई भगवान् श्रीरामको जन्मस्थलका रूपमा चिनिन्छ। उक्त दुई धार्मिक नगरीलाई रेल सेवामार्फत जोड्न सके धार्मिक पर्यटन तथा दुई देशबीचको जनस्तरको सम्बन्ध विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

स्थानीय व्यवसायी तथा सर्वसाधारणले प्रस्तावित रेल सेवा सञ्चालनको तयारीलाई सकारात्मक रूपमा लिएका छन्। रेल सेवा सञ्चालन भएपछि धार्मिक पर्यटकको आवागमन बढ्नुका साथै होटल, रेस्टुरेन्ट, यातायात, खुद्रा पसल तथा अन्य सेवा व्यवसायको कारोबार विस्तार हुने उनीहरूको अपेक्षा छ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारीले रेल सेवा सञ्चालन भएपछि जनकपुरधामका धार्मिक तथा पर्यटकीयस्थलमा पर्यटकको आवागमन बढ्ने र त्यसबाट स्थानीय व्यापार व्यवसायले लाभ लिन सक्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले तेस्रो मुलुकबाट आयात तथा निर्यात हुने सामग्रीको ढुवानी सहज बनाउन महोत्तरीको भिट्ठामोड वा धनुषाको जटही नाकामध्ये कुनै एकलाई व्यापारिक नाकाका रूपमा सञ्चालन गर्न सरकारसँग माग गर्नुभयो।

अहिले व्यवसायीले टाढाका नाकाबाट सामान ल्याउनुपर्ने बाध्यता छ। जस्का कारण ढुवानी खर्च बढ्ने गरेको छ। जनकपुरधाम क्षेत्रका लागि पायक पर्ने नाका सञ्चालनमा आए स्थानीय व्यवसायी तथा उपभोक्ता दुवै लाभान्वित हुने बताइन्छ।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य राजेशकुमार कर्णले जनकपुरधाम-अयोध्याधाम रेल सेवा सञ्चालनले नेपाल र भारतबीचको धार्मिक, सांस्कृतिक तथा जनस्तरको सम्बन्ध थप सुदृढ बनाउन सहयोग पुग्ने बताउनुभयो।

माता सीताको जन्मस्थल जनकपुरधाम र भगवान् श्रीरामको जन्मस्थल अयोध्याबीच रेल सेवा सञ्चालन हुनु धार्मिक तथा सांस्कृतिक दृष्टिले विशेष महत्वको विषय भएको उहाँको भनाइ छ।

रेल सेवा सञ्चालन भएपछि अयोध्याबाट हजारौँ धार्मिक पर्यटक जनकपुरधाम आउने सम्भावना रहेको उल्लेख गर्दै उहाँले पर्यटकको आवागमन सहज बनाउन दुवै देशका नागरिकलाई लक्षित गरी सीमा आवागमनसम्बन्धी नीति सहज बनाउन सरकारसँग आग्रह गर्नुभयो।

दीर्घकालीन योजनासहित धार्मिक पर्यटकको आवागमन व्यवस्थित गर्न सके जनकपुरधामसहित मधेस प्रदेशको पर्यटन विकासमा महत्वपूर्ण योगदान पुग्ने उहाँले बताउनुभयो।

प्रस्तावित रेल सेवाको उद्घाटन नेपालका प्रधानमन्त्री वालेन्द्र शाह र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा गर्ने कार्यक्रम रहेको बताइएको छ।

प्रस्तावित कार्यक्रमअनुसार भारतको राजधानी नयाँदिल्लीबाट रेल सेवाको उद्घाटन गर्ने तयारी गरिएको जनाइएको छ। यसका लागि दुवै देशका रेल्वे पदाधिकारी, कर्मचारी, सुरक्षा निकायका उच्च अधिकारी तथा प्रशासनिक प्रतिनिधिले आवश्यक तयारी अघि बढाएका छन्।

रेल सञ्चालनका लागि सुरक्षा व्यवस्थापन, प्राविधिक परीक्षण र प्रशासनिक समन्वयलाई प्राथमिकता दिइएको छ। यसअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संयुक्त रूपमा जनकपुरधामबाट अयोध्यासम्मको बस सेवा शुभारम्भ गर्नुभएको थियो।

तर, उक्त बस सेवा लामो समय नियमित सञ्चालन हुन सकेन। त्यसैले प्रस्तावित रेल सेवा पनि उद्घाटनमा मात्र सीमित नभई नियमित र व्यवस्थित रूपमा सञ्चालन हुनुपर्ने मा स्थानीयवासीले जोड दिएका छन्।

पार्टी र सरकारबीच समन्वयको अभाव छैन : सभापति लामिछाने

चितवन, २० कात्तिक (रासस)।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टी र सरकारबीच कुनै पनि किसिमको समन्वय अभाव नरहेको बताउनुभएको छ।

बिहीबार राति सञ्चारकर्मीसँग कुराकानी गर्दै सभापति लामिछानेले पार्टीले सरकारलाई स्वतन्त्र रूपमा काम गर्न दिने नीति लिएको उल्लेख गर्नुभयो। पार्टी र सरकारका कामकारबाहीमा आवश्यकता अनुसार छलफल, सुझाव र स्पष्टता खोज्ने अभ्यासलाई असमझदारीका रूपमा बुझ्न नहुने उहाँको भनाइ थियो।

सभापति लामिछानेले भन्नुभयो, "समन्वयको कुनै पनि कमी छैन। खाली एउटै चिज के भने, सरकारलाई मजाले काम गर्न दिनुपर्छ भन्ने पार्टीको धारणा हो।"

सभापति लामिछानेले विगतमा सरकार टिकाउन र पार्टीभित्र एकता कायम राख्न प्रधानमन्त्रीसँगै अर्को व्यक्तिलाई राखेर काम गर्ने अभ्यास आफ्नो पार्टीले नगरेको स्पष्ट पार्नुभयो। पार्टी र सरकारले आ-आफ्नो जिम्मेवारीअनुसार काम गर्ने उहाँको भनाइ थियो।

"हामी राजनीतिमा त्यो अभ्यासको पक्षमा छैनौँ, जतिखेर सरकारै टिकाइराख्नका लागि, पार्टीमा एकता नै कायम गर्नका लागि, छेउमा प्रधानमन्त्रीले अर्को मान्छेलाई कुर्सी राख्ने, त्यस्तो किसिमको अभ्यासमा हामी छैनौँ", सभापति लामिछानेले भन्नुभयो।

सरकारका निर्णयमा प्रश्न उठेमा पार्टीले स्पष्टता माग्नु स्वाभाविक भएको उल्लेख गर्दै उहाँले पार्टीले सरकारका सबै निर्णयमा होमा हो मिलाउनुपर्ने अवस्था नरहेको बताउनुभयो। सरकारले गरेका निर्णयको औचित्य पुष्टि गर्ने जिम्मेवारी सरकारकै हुने उहाँको भनाइ थियो। प्रहरी महानिरीक्षक (आइजिपी) को जिम्मेवारी हेरफेरलगायत विषयमा पार्टीले सरकारसँग स्पष्टता मागेको प्रसङ्गमा सभापति लामिछानेले सुरक्षा निकायसँग सम्बन्धित निर्णय संवेदनशील हुने भएकाले सरकारले समय आएपछि त्यसको औचित्य पुष्टि गर्ने बताउनुभयो।

"पार्टीले कुनै पनि सरकारले काम गर्नका लागि आवश्यकपर्ने कदम चाल्दा त्यसको औचित्य पुष्टि गर्ने जिम्मेवारी सरकारको रहन्छ", उहाँले भन्नुभयो।

सरकारका कामकारबाहीमा सुधारको आवश्यकता देखिए पार्टीले खबरदारी गर्ने उल्लेख गर्दै सभापति लामिछानेले त्यसलाई सरकार र पार्टीबीचको विवादका रूपमा व्याख्या नगर्न आग्रह गर्नुभयो। लोकतन्त्रका मूल्य र मान्यताप्रति पार्टी स्पष्ट रहेको बताउँदै उहाँले आवश्यक पर्दा सरकारलाई सही बाटोमा ल्याउन पार्टीले भूमिका खेल्ने बताउनुभयो।

राज्यका निकायलाई संविधान र कानुनले दिएको अधिकार सही ढङ्गले प्रयोग गर्न दिनुपर्ने बताउँदै सभापति लामिछानेले अनुसन्धानका विषयमा संस्थागत प्रक्रियामाथि विश्वास गर्नुपर्ने धारणा राख्नुभयो। प्रहरी प्रशासन, अदालत, प्रेस काउन्सिल तथा मानवअधिकार आयोगजस्ता संस्थालाई बलियो बनाउनुपर्ने उल्लेख गर्दै उहाँले कुनै निकायबाट गलत काम भए त्यसलाई सच्याउने संस्थागत व्यवस्था रहेको बताउनुभयो।

सरकार र पार्टीबीचको सम्बन्धबारे सञ्चारकर्मीले राखेको जिज्ञासामा सभापति लामिछानेले पार्टीले सरकारलाई काम गर्न दिने र आवश्यकताअनुसार सुझाव तथा खबरदारी गर्ने अभ्यासलाई सकारात्मक रूपमा लिन आग्रह गर्नुभयो।

भन्सार छलीको माछासहित ट्रक र चालक नियन्त्रणमा

पर्सा, २० कात्तिक (रासस)।

प्रहरीले भन्सार छली गरी ल्याइएको रु ३२ लाख ११ हजार ३९२ मूल्यबराबरको माछासहित ट्रक र चालकलाई नियन्त्रणमा लिएको छ।

विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय, वडा प्रहरी कार्यालय श्रीपुर र प्रहरीचौकी सिर्सियाबाट खटिएको संयुक्त प्रहरी टोलीले बिहीबार वीरगन्ज महानगरपालिका-२५ स्थित आइजिपी सडकखण्डबाट उक्त ट्रक नियन्त्रणमा लिएको हो। टाटा कम्पनीको एक ट्रक जाँच गर्दा भन्सार प्रज्ञापनपत्रमा ९६ क्यारेट माछा उल्लेख गरिएको भए पनि थप ४४ क्यारेट माछा भेटिएको प्रहरीले जनाएको छ।

प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लका अनुसार ट्रकमा आवश्यक कागजातमा उल्लेख भएभन्दा बढी माछा भेटिएपछि नियन्त्रणमा लिइएको हो।

प्रहरीले वीरगन्ज महानगरपालिका-२१ निवासी २३ वर्षीय रविकुमार साहलाई ट्रकसहित नियन्त्रणमा लिई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि बिहीबारै वीरगन्ज भन्सार कार्यालयमा बुझाएको छ।

विश्व समाचार

बङ्गलादेशमा गोली हानाहान, ५७ जनाको उद्धार

ढाका, २० कात्तिक (रासस/एएफपी)।

म्यान्माको सीमा नजिकै मानव तस्करीमा संलग्न भएको आशङ्का गरिएका समूहसँग भएको गोली हानाहानपछि बङ्गलादेशको सुरक्षा बलले रोहिङ्ग्या शरणार्थीसहित कम्तीमा ५७ जनाको उद्धार गरेको छ। बिहीबार राति भएको उक्त झडपमा एक सैनिकको मृत्यु भएको बङ्गलादेशी सेनाले जनाएको छ। सेनाको इन्टर सर्भिस पब्लिक रिलेसन्स (आइएसपीआर) का अनुसार १५ देखि १६ जनाको सशस्त्र समूहले करिब १२० रोहिङ्ग्या शरणार्थी र बङ्गलादेशी नागरिकलाई अपहरण गरेको सूचना पाएपछि सुरक्षा बलले म्यान्माको सीमा नजिकै टेकनाफको रोङ्गिखालीस्थित पहाडी क्षेत्रमा उद्धार अभियान सञ्चालन गरेको थियो। गोली हानाहानका क्रममा सैनिक मोहम्मद तितास शेखको बायाँ काँधमा गोली लागेको थियो। अत्यधिक रक्तस्राव भएपछि उहाँको चोटकै कारण मृत्यु भएको सेनाले जनाएको छ। उहाँ २७ वर्षको हुनुहुन्थ्यो। बङ्गलादेशमा १२ लाखभन्दा बढी रोहिङ्ग्या शरणार्थीले आश्रय लिइरहेका छन्। उनीहरूमध्ये अधिकांश सन् २०१७ मा छिमेकी म्यान्मामा भएको सैन्य दमनबाट ज्यान जोगाउन भागेर आएका हुन्। धेरैजसो शरणार्थी बङ्गलादेशको कोक्स बजार आसपासका विशाल शिविरमा बस्दै आएका छन्। त्यहाँ मानव तस्कर समूहले विदेशमा रोजगारी वा अन्यत्र जाने अवसर खोजिरहेका शरणार्थीलाई निशाना बनाउने गरेका छन्। सन् २०१७ मा म्यान्माको सैन्य कारबाहीका क्रममा रोहिङ्ग्या गाउँ जलाइएको र सर्वसाधारणको हत्या गरिएको घटनालाई लिएर नेदरल्यान्ड्सको द हेगस्थित अन्तर्राष्ट्रिय न्यायालयमा नरसंहारसम्बन्धी मुद्दा चलिरहेको छ। उक्त मुद्दामा अदालतले यही नोभेम्बर १९ मा फैसला सुनाउने कार्यक्रम छ।

ट्रम्पको डेस्कमा 'भिटो' टोपी

वासिङ्टन, २० कात्तिक (रासस/एएनआई)।

मध्यावधि निर्वाचनमा डेमोक्रेटहरूले अमेरिकी कङ्गेसका दुवै सदनमा नियन्त्रण कायम गरेपछि राष्ट्रपति डोनाल्ड ट्रम्पले विपक्षी दलबाट आउने विधेयक रोक्न राष्ट्रपतीय भिटो अधिकार प्रयोग गर्ने सङ्केत गर्नुभएको छ। उहाँले बिहीबार ह्वाइट हाउसस्थित ओभल अफिसको ऐतिहासिक रिजोल्युट डेस्कमा 'भिटो' लेखिएको ठूलो रातो टोपी प्रदर्शन गर्नुभएको हो। ओभल अफिस र मन्त्रिपरिषद् कक्षलाई पुरातन वस्तु ऐनअन्तर्गत राष्ट्रिय स्मारकका रूपमा संरक्षण गर्ने घोषणापत्रमा हस्ताक्षर गर्ने क्रममा उहाँले उक्त टोपी प्रदर्शन गर्नुभएको थियो। यसअघि पनि ट्रम्पले सामाजिक सञ्जाल ट्रुथ सोसलमा 'भिटो' लेखिएको रातो टोपीसहितको तस्बिर सार्वजनिक गर्नुभएको थियो। फक्स न्युजसँग कुरा गर्दै उहाँले राष्ट्रपतीय भिटो अमेरिकी राष्ट्रपतिको शक्तिशाली संवैधानिक अधिकारमध्ये एक भएको बताउनुभएको थियो। विपक्षी दलले आफूलाई अस्वीकार्य विधेयक ल्याए त्यसलाई भिटो गर्ने उहाँको चेतावनी थियो। यद्यपि, आगामी दुई वर्ष सबै विधेयकमा भिटो लगाएर बिताउने आफ्नो चाहना नरहेको उहाँले पोलिटिकोसँग बताउनुभएको छ। डेमोक्रेटहरूको विजयपछि ट्रम्प प्रशासनमाथि कङ्गेसको निगरानी, अनुसन्धान र सुनुवाइ बढ्ने तथा राष्ट्रपतिका न्यायिक र मन्त्रिपरिषद्सम्बन्धी नियुक्ति रोक्न सक्ने सम्भावना छ। भारतीय मूलका अमेरिकी सांसद रो खन्नाले निर्वाचन परिणामलाई ट्रम्पप्रतिको ठूलो जनअस्वीकृतिको संज्ञा दिनुभएको छ। उहाँले डेमोक्रेटहरूले प्रतिनिधिसभामा २५० भन्दा बढी सिट जित्न सक्ने दाबी गर्दै मतदाताको मुख्य चिन्ता बढ्दो जीवनयापन खर्च र जारी युद्ध रहेको बताउनुभयो। स्वास्थ्य सेवा, बाल हेरचाह र दैनिक उपभोग्य वस्तुको खर्च घटाउने विषयलाई डेमोक्रेटहरूले प्राथमिकता दिनुपर्ने उहाँको भनाइ छ। अमेरिकी संविधानअनुसार राष्ट्रपतिले कङ्गेसबाट पारित विधेयकमा भिटो लगाउन सक्नुहुन्छ। तर त्यसलाई उल्ट्याउन प्रतिनिधिसभा र सिनेट दुवैमा दुईतिहाइ बहुमत आवश्यक पर्छ।

वन्यजन्तुको जोखिम घटाउन चेतावनी प्रणाली

श्रीनगर (भारत), २० कात्तिक (रासस/एएफपी)।

काश्मीरमा भालुको आक्रमणमा आमाको मृत्यु भएपछि भारतीय सफ्टवेयर इन्जिनियर मुदासिर अलीले हिमालय क्षेत्रमा वन्यजन्तुको जोखिमबाट मानिसलाई जोगाउन अनलाइन पूर्वचेतावनी प्रणाली विकास गर्नुभएको छ। तेत्तिस वर्षीय अलीले 'वाइल्डपिङ' नामक निःशुल्क वेबसाइट बनाउनुभएको छ। यसमा प्रयोगकर्ताले भालु, चितुवा तथा अन्य वन्यजन्तु देखिएको स्थानको जानकारी दिन सक्छन्। त्यसका आधारमा जोखिममा रहेका आसपासका मानिसको मोबाइलमा चेतावनी पुग्छ। आमाको मृत्यु भएको पहिलो वार्षिकोत्सवका अवसरमा गत अक्टोबरमा यो प्रणाली सार्वजनिक गर्नुभएका अलीले आफ्नो पीडाबाट अरूलाई जोगाउन प्रविधिको उपयोग गर्न चाहेको बताउनुभएको छ। आधिकारिक तथ्याङ्कअनुसार सन् २०२३ यता काश्मीरमा वन्यजन्तुको आक्रमणबाट ज्यान गुमाउने कम्तीमा ५० जनामध्ये उहाँकी आमा पनि हुनुहुन्थ्यो। वन विनाश र वन्यजन्तुको बासस्थान खुम्चिँदै जाँदा हिमालय क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द्व बढिरहेको छ। काश्मीरमा दशकौँदेखि जारी द्वन्द्व, सीमाक्षेत्रमा लगाइएका बार र सैन्य उपस्थितिले पनि वन्यजन्तुको आवागमनमा अवरोध पुऱ्याएको छ। वाइल्डपिङमा घर, खेत, विद्यालय र बालबालिका हिँड्ने बाटोलाई निगरानी क्षेत्रका रूपमा निर्धारण गर्न सकिन्छ। ती क्षेत्रमा वन्यजन्तु देखिएमा प्रयोगकर्ताले मोबाइलमा सूचना पाउँछन्। यसले द्वन्द्व रोक्न नसके पनि समयमै सतर्क भएर परिवारलाई सुरक्षित राख्न वा सहयोग माग्न सकिने वेबसाइटमा उल्लेख छ। काश्मीरमा पाइने दुई प्रजातिका भालुमध्ये हिमाली कालो भालु वन्यजन्तुको आक्रमणबाट हुने मृत्यु र घाइतेका ८० प्रतिशतभन्दा बढी घटनामा संलग्न रहेको विज्ञहरूको भनाइ छ। यस क्षेत्रमा खैरो भालु र चितुवासमेत पाइन्छन्। अङ्ग्रेजी, हिन्दी र उर्दू भाषामा उपलब्ध वेबसाइटले सञ्चालनको एक महिनाभन्दा कम अवधिमै करिब नौ हजार आगन्तुक आकर्षित गरेको छ। सयौँ प्रयोगकर्ता नियमित रूपमा यसमा फर्किने गरेका छन्। स्थानीय बासिन्दा यासिर इकबालले पनि भालु देखेपछि तत्कालै वेबसाइटमार्फत जानकारी गराउनुभएको थियो। उहाँका अनुसार गाउँका धेरै मानिसले यसको प्रयोग गर्न थालेका छन्। वन्यजन्तु देखिएका स्थानबारे समयमै सूचना पाउँदा मानिसको ज्यान जोगाउन सहयोग पुग्ने उहाँको विश्वास छ।

सामुदायिक प्रयासले पुनर्जीवन पायो सकरपुराको ऐतिहासिक पोखरी



दैनिक समाचारदाता
राजविराज, २० कात्तिक ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-३ सकरपुरा स्थित थान पोखरी कुनै समय गाउँकै लागि समस्याको विषय बनेको थियो । गाउँको बीचमा रहेको पोखरीमा जथाभावी फोहोर फालिदा यसको अवस्था यति दयनीय बनेको थियो कि त्यहाँ पस्न समेत नसकिने अवस्था थियो । फोहोर र दुर्गन्धले पोखरीको अस्तित्व मात्र संकटमा पारेको थिएन, गाउँको सुन्दरतामै असर पुऱ्याएको थियो ।

तर, अहिले त्यही पोखरीले नयाँ जीवन पाएको छ । स्थानीय समुदायको सक्रियता र सामूहिक प्रयासबाट फोहोरको थुप्रो बनेको पोखरी पुनः सरसफाइ गरी नुहाउने, पूजापाठ गर्ने तथा सांस्कृतिक गतिविधि सञ्चालन गर्न योग्य बनाइएको हो ।

सकरपुरा सामुदायिक विपद् व्यवस्थापन समिति (सीडीएमसी) का सचिव २७ वर्षीय अरविन्द कुमार रायका अनुसार पोखरीको दयनीय अवस्थाले स्थानीय बासिन्दा निकै चिन्तित थिए । गाउँकै बीचमा रहेको पोखरी फोहोरको थलो बन्दा वातावरण र गाउँको सौन्दर्य दुवै प्रभावित भएका थिए ।

कोका-कोला फाउन्डेसनको आर्थिक सहयोग, प्रस्पर ग्लोबलसँगको साझेदारी तथा जनचेतना अभियान नेपालको आयोजनामा सञ्चालित 'नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको सुदृढीकरण परियोजना' अन्तर्गत पोखरी सरसफाइ अभियान सञ्चालन गरिएको रायले बताए ।

उनका अनुसार पोखरी सफा गर्न स्थानीय समुदायलाई करिब एक महिना लागेको र सरसफाइपछि दुई पटक चुनासमेत हालिएको थियो । पोखरीको डिल मर्मतसम्भार गरी वृक्षारोपण समेत गरिएको छ ।

'पहिले पोखरीमा पस्न समेत सकिँदैनथ्यो । अहिले नुहाउन, पूजापाठ गर्न र सांस्कृतिक गतिविधि सञ्चालन गर्न सकिने भएको छ,' रायले भने, "अब यसको संरक्षण गर्ने जिम्मेवारी पनि हामी आफैंले लिनेछौं ।"

पोखरीको पुनर्जीवनले स्थानीय समुदायमा सामूहिक जिम्मेवारी र सार्वजनिक सम्पत्तिको संरक्षणप्रतिको चेतना बढाएको छ । थान पोखरीको परिवर्तनले स्थानीयको सहभागिता र सहकार्यबाट उपेक्षित सामुदायिक सम्पदालाई समेत पुनर्जीवित गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत अरविन्दको कथन छ ।

निजि विद्यालयद्वारा परम्परालाई निरन्तरता

दैनिक समाचारदाता
राजविराज, २० कात्तिक ।

राजविराजस्थित एक निजी विद्यालयले प्रत्येक वर्ष दशै तिहारको अवसर पारेर अन्तरसदनात्मक हाजिरी जवाफ प्रतियोगिता आयोजना गर्ने वसालेको परम्परालाई यस पल्ट पनि निरन्तरता दिएको छ ।

बि.स. २०४८ सालमा राजविराजमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उदेश्यले स्थापना गरिएको लिटिल फ्लावर सेकेन्डरी स्कुलले स्थापना काल देखी नै यस्तो परम्पराको सुरुआत गरेका हुन ।

यसै क्रममा शुक्रवार विद्यालय प्रागंणमा ३६ औं अन्तरसदनात्मक हाजिरी जवाफ प्रतियोगिता आयोजना गरिएको छ । कार्यक्रम अन्तर्गत पहिलो चरणमा ६ कक्षा सम्मका विद्यार्थी तथा दोश्रो चरणमा ७ देखी १० कक्षा सम्मका विद्यार्थीलाई सभागी गराइएको थियो ।



विद्यालयका संस्थापक प्रिन्सीपल डा.कमानन्द देवले विद्यार्थीहरुमा बौद्धिक विशिष्टतालाई अझ प्रखर र बलियो बनाउने उदेश्यका साथ स्थापना काल देखी नै सूरु गरिएको उक्त कार्यक्रमलाई हाल सम्म निरन्तरता दिइएको तथा भविष्यमा समेत जारी राख्ने उल्लेख गरे ।

प्रिन्सीपल डा.देव, सहप्रिन्सीपल पुण्यलाल साह, डा.दिवश प्रकाश देव, कार्यक्रम संयोजक रोशन यादव निर्णायक रहेको प्रतियोगिताका विजेताहरुलाई प्रमुख अतिथी सामुदायीक विद्यालयका सेवानिवृत प्रधानाध्यापक मुनिन्द्र कर्ण, नेपाल प्रत्रकार महासंघका केन्द्रिय परिषद सदस्य मनोज कुमार माझी, विद्यालयका संस्थापिका साण्डवी देव लगायतले विजेताहरुलाई ट्रफि र प्रमाण पत्र प्रदान गरे । कार्यक्रम संचालन सोनी मिश्राले गरेकी थिइन ।

मधेश प्रदेशमा नेकपाका चार जना मन्त्रीले दिए सामूहिक राजीनामा

दैनिक समाचारदाता
जनकपुर, २० कात्तिक ।

मधेश प्रदेशमा नेकपाका चार जना मन्त्रीले शुक्रबार सामूहिक राजीनामा दिएका छन् ।

अर्थमन्त्री युवराज भट्टराई, उद्योग तथा पर्यटन मन्त्री कनिष पटेल, ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्री जवाहरलाल कुशवाहा र गृहसञ्चार तथा कानुन मन्त्री फकिरा महतोले राजीनामा दिएका हुन् ।

मुख्यमन्त्री कृष्णप्रसाद यादव काठमाडौं रहेकाले उनलाई ह्वाट्सएपमार्फत राजीनामापत्र पठाएको एक मन्त्रीले बताए । राजनीतिक निकासको लागि राजीनामा बुझाएको मन्त्रीहरूले पत्रमा उल्लेख गरेका छन् ।

'राजनीतिक निकासको लागि हामी नेपाली कम्युनिस्ट पार्टीमा तपसिलका मन्त्रीहरूको सामूहिक राजीनामा पेस गर्दछौं', राजीनामा पत्रमा लेखिएको छ, 'यहाँले गर्नुभएको सहयोगका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।'

यो सँगै नेकपाले सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएको छ । प्रदेश प्रमुखलाई समर्थन फिर्ता लिएको पत्र बुझाएका छन् ।

तीन साता अघि मात्र नेकपा एमालेले पनि प्रदेश सरकारमा रहेका आफ्ना मन्त्रीहरु फिर्ता बोलाएर सरकारलाई दिएको समर्थन समेत फिर्ता लिएको थियो । नेपाली काँग्रेसका प्रदेश अध्यक्ष कृष्ण यादव मुख्यमन्त्री छन् ।

मंगलमय शुभकामना

२०८३ सालको शुभ दिपावली
एवं छठ पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र
अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य,
कर्मचारी, नगरवासी,
जिल्लावासी एवं देशवासीमा
हार्दिक मंगलमय शुभकामना
न्यक्त गर्दछौं ।





सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

मंगलमय शुभकामना

२०८३ सालको शुभ दिपावली
एवं छठ पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र
अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य,
कर्मचारी, नगरवासी,
जिल्लावासी एवं देशवासीमा
हार्दिक मंगलमय शुभकामना
न्यक्त गर्दछौं ।





विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज९, मलेठ, सप्तरी

मंगलमय शुभकामना

२०८३ सालको शुभ दिपावली
एवं छठ पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र
अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य,
कर्मचारी, नगरवासी,
जिल्लावासी एवं देशवासीमा
हार्दिक मंगलमय शुभकामना
न्यक्त गर्दछौं ।





शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*